Gurkha International Ltd.
Registered no. 6789975/13-01-2009
112, Risborough Lane, Folkestone, Kent CT20 3LL
Phone : 01303772977
E-mail : info@nayasandesh.com
chandika118@hotmail.co.uk
website- www.nayasandesh.com

**गोर्खा इन्टरनेसनल लिमिटेड**द्वारा प्रकाशित
**प्रधान सम्पादक**: चण्डीराज राई
**सहसम्पादक**: धीरेन्द्र रूम्दाली
**सञ्चालक समिति**
**अध्यक्ष** : **श्री शिवधन राई**
**उपाध्यक्ष** : **मेजर रि. हर्कराज राई** MVO
**आर्थिक व्यवस्थापक** : **कप्तान रि. ज्ञानबहादुर लिम्बू**
**बजार व्यवस्थापक** : **कप्तान रि. सुमनचन्द्र राई**
**प्रमुख वितरण** : **श्री विजय हितान मगर**
**बुनाइ प्रतिनिधि** : **श्रीमती विमला लिम्बू**
**नेपालका लागि** : **ध्रुवकुमार राई**
**संवाददाता** : **विपिन वान्लिङ (मलेशिया)**
लेआउट : **प्रारम्भ कम्प्युटर सेवा**, बागबजार (९८४१३३०४७०, ९८४१२५८६८१)
**नेपाल सम्पर्क ठेगाना**: ललितपुर उपमहानगरपालिका-७, ग्वार्कोचोक, ललितपुर
(सुनापाताल ऋण तथा सहकारी संस्थासँगै), फोन: ९७७-१-५५४५५४५, ९७७-१-५५४५५३५

# सत्ताको महाभारत

महाभारत युद्धपछि आर्यावर्त अन्धकार युगमा प्रवेश गऱ्यो । साम्राज्य समाप्त भए । यस अँध्यारो समय बारेमा पुराणहरू मौन छन् र इतिहासकारसँग प्रमाण छैन । यस अधोगतिको कारण महाभारत युद्ध थियो र त्यसका अनेकौंमध्ये एक प्रमुख कारक तत्व धृतराष्ट्रको सत्तामोह र पुत्र प्रेम थियो । अहिले नेपालमा पनि प्रमुख पार्टीका नेताको धृतराष्ट्रिय सत्तामोहले देशमा त्यस्तै दुरुह स्थिति उत्पन्न गरेको छ । फलतः राष्ट्रिय अखण्डता, सार्वभौमिकता तथा साझा संस्कृति विखण्डित हुने र देश अँध्यारो युगमा प्रवेश गर्नसक्ने खतरा बढेको आभास भएको छ ।

आजको नेपाल पहिलेजस्तो एक्लो र विश्व मञ्चमा खास महत्व नभएको अनि दुई ठूलो देशकाबीचको एउटा उपेक्षित भूभागमात्र हैन । अहिले नेपाल विश्वव्यापी राजनीतिक दाउपेच तथा सामरिक चलखेलको पृष्टभूमिमा अमेरिकालगायतका विश्वका ठूला शक्ति तथा नयाँ विश्व शक्तिका रूपमा उदीयमान् दुई विशाल छिमेकी देशको सुरक्षा चासो र प्रभाव क्षेत्र विस्तारको दीर्घकालिक रणनीति अन्तर्गत आफ्नो प्रभाव क्षेत्रभित्र राख्नुपर्ने अवस्थामा पुगिसकेको देश हो । यसै उद्देश्यका लागि नेपाल शक्ति केन्द्रको चलखेलको अखडा बनी सकेको छ । नेपालको प्राकृतिक स्रोत साधनमाथि नियन्त्रणको प्रश्न होस् वा हाम्रो भूमिलाई यस क्षेत्रमा आफ्नो दीर्घकालिक आर्थिक र सामरिक रणनीतिक उद्देश्य पूर्ति गर्नका लागि होस् अमेरिकालगायतका पश्चिमा शक्ति तथा छिमेकीका आ-आफ्नै रणनीति छ । यसलाई सजिलो बनाउन र आफू अनुकूल सहज वातावरण बनाउन राष्ट्रियको राजनीतिमा बलियो पकड तथा प्रभाव कायम राख्नुपर्ने हुन्छ ।

आजको तरल संक्रमणकालीन अवस्थामा यो काम सजिलो छ र निर्वाध रूपमा अगाडि बढेको छ । फलस्वरूप नेपालको राजनीति नेपालीहरूको चाहना र आवश्यकताभन्दा विदेशीको दाउपेचको सिकार हुन पुगेको छ । बाह्र बुँदे सहमतिबाट सुरु भएको राजनीतिक सहमति र सहकार्यको संस्कृति सत्ता लिप्सा, पारस्परिक द्वन्द्व, अविश्वास आदिले अवरुद्ध भएको छ । सबै पार्टी नेतृत्व देशको यथार्थ र जनचाहना बिर्सेर सत्ता प्राप्तिका लागि बाहिरी शक्तिको पकडमा पर्दै गएको संकेत देखिन थालेको छ ।

विडम्बना, देशको राजनीतिमा प्रभावकारी स्थान ओगटेका र सामयिक राजनीतिक घटना विकासमा निर्णयी स्थान भएका तीन प्रमुख दल र मधेशवादी दल यो अथवा त्यो रूपमा आफ्नो राजनीतिक अभीष्ट तथा सत्ता स्वार्थबाट प्रेरित भएर जानेर होस् वा नजानी देशमा अस्थिरता कायम राख्ने र भिडन्तको स्थिति उत्पन्न गर्न खेलतर्फ डोरिँदै गएका छन् । देशको भविष्यसँग गरिएको यो दुःखद खेलबाड हो । विगतमा माओवादीको शक्ति अहंकारबाट जन्मेको अति क्रान्तिकारी उन्माद तथा प्रत्येकका घटना विकासलाई नयाँ क्रान्तिकारी फड्कोमा परिणत गरी जनवादी क्रान्ति सम्पन्न गर्नेजस्ता उर्बोलो प्रवृत्ति तथा अवस्तुगत तथा अराजनीतिक क्रियाकलापले लामो समयसम्म संसद् तथा सडक अवरुद्ध रहेको हो । त्यसबाट संविधान लेखन तथा शान्तिप्रक्रिया तथा संविधान लेखन धराप्मा पऱ्यो, जनताले दुःख पाए र देशको अर्थतन्त्र ओरालो धकेलियो । देशले स्थिर तथा प्रभावकारी सरकार पाउन सकेन ।

अहिले एमालेको अराजनीतिक तथा अवस्तुवादी हठले संसदका साथै सम्पूर्ण राजनीतिक प्रवाह अवरुद्ध गरेको छ । नयाँ सरकार गठनमा राष्ट्रिय सहमतिको नाममा चार सय एक सभासद्को समर्थन पाउने र नपाए मैदानबाट हट्ने एमालेको निर्णय र झलनाथ खनालको उम्मेदवारीलाई परिपक्व राजनीतिक चिन्तन र सुझबुझको निर्णय भन्न सकिँदैन । न त आफ्नो पार्टीको अध्यक्षलाई पिँजडामा बन्द गरेर निर्वाचन मैदानमा ओराल्ने त्यस पार्टीको कदमलाई आजको राजनीतिक अवस्थामा राजनीतिक निकास खोज्ने सत्प्रयासको राजनीतिक निर्णय नै भन्न सकिन्छ । एमालेले माधवकुमार नेपाललाई राजीनामा गराउन बाध्य गर्ने र निर्वाचनपूर्व सत्ताधारी पार्टीका हैसियतले सहमतिको नयाँ विकल्प खोज्ने प्रयास गरेको भए र राष्ट्रिय सहमति कायम नभए सत्ताबाहिर रहने निर्णय गरेको भए त्यसले केही सकारात्मक दबाब सिर्जना गर्न सक्थ्यो होला । आज यो अभ्यास निरर्थकमात्र होइन देश तथा स्वयम् एमालेका लागि घातक अवरोध हुन पुगेको छ । देश सरकारविहीन राजनीतिक शून्यताको अवस्थामा पुगेको छ र संसद् अन्तहीन निर्वाचनको गोलचक्करमा फसेको छ । भविष्यमा इतिहासकारले एमाले नेतृत्वको यस निर्णयलाई व्यक्तिवादी प्रतिशोधबाट प्रेरित राजनीति भनेछन् भने त्यो गलत हुनेछैन । आफैंले प्रधानमन्त्रीमा प्रस्तावित गरेका माधव नेपालको सुविधाजनक बहुमत भएको र आफ्नै पार्टीको नेतृत्वमा बनेको सरकार गिराउन एमालेभित्रैबाट भएको चलखेल र स्वयम् झलनाथ खनालका सार्वजनिक अभिव्यक्ति माओवादीले सरकारमाथि गरेको प्रहारभन्दा कम थिएन । फरक यत्तिमात्रै थियो, माओवादीबाहिरबाट प्रहार गर्दैथियो जसलाई प्रमुख प्रतिपक्षी पार्टीले सरकार गिराउन गर्ने स्वाभाविक अभ्यास मान्न पनि सकिएला, तर एमालेका वरिष्ठतमदेखि कनिष्ट नेताहरूले पार्टीभित्रबाटै गरेको प्रहार खाँटी अराजनीतिक चरित्रको थियो । खनाल स्वयं यस खेलमा कति सक्रिय थिए यसै भन्न नसकिए पनि घटनाक्रमको विकास र आजको राजनीतिक परिणामले त्यस प्रक्रियामा उनको सहमति र सहभागिता थिएन भन्न सकिने आधार छैन ।

सत्ताको नेतृत्व गर्दा सरकार, सेना तथा माओवादी लडाकुको नेतृत्व आफ्नो हातमा भएको र शान्ति पक्रिया सहजै निष्कर्षमा पुऱ्याउन सकिने बेलामा र प्रतिपक्षमा रहँदासमेत माओवादी नेतृत्व शान्ति पक्रिया टुंगोमा पुऱ्याउन अनिच्छुकमात्र होइन आफ्नो सैन्यबलको ताकतमा सत्ता कब्जा गर्ने अभ्यासमा रहेको थियो । पटकपटकका हड्ताल, घेराउ, संसद बन्द यसै उद्देश्यका लागि गरिएका थिए । हुनत, अवस्था त्यसभन्दा भिन्न थियो तर माओवादी नेतृत्वले आफ्नो प्रत्येक प्रयासलाई सत्ता प्राप्तिको अन्तिम कदमका रूपमा लियो । काठमाडौं घेराउका बेला 'अब विजयको माला लगाएरमात्र फर्कन्छौं' जस्ता अभिव्यक्ति सत्ता कब्जा यस्तै खयाली पुलावका परिणाम थिए । फलस्वरूप देश अहिले सत्ता संघर्षको चरम विन्दुमा छ र शान्ति प्रक्रिया र संविधान लेखनको काम अवरुद्ध छ । जेठ १४ गते आधारातमा गरिएको कथित सहमतिको पहिलो बुँदा कार्यान्वयन गर्न अहिले पनि माओवादीको इच्छा नरहेको स्पष्ट देखा परेको छ ।

माधव नेपालको राजीनामापछि तुरुन्तै पाँच दिनभित्र सहमति कार्यान्वयन गर्ने वचनबद्धताबाट माओवादी नेतृत्व पछि हटेकै हो र शान्ति प्रक्रियासँग सम्बद्ध विषयलाई थाती राखी आफ्नो नेतृत्वमा सरकार गठन गर्न कसरत गर्दैछ । माओवादी नेतृत्वले आफ्नो शासनकालमा शान्ति प्रक्रियालाई पूर्णता दिएन भने माधव नेपालको पालामा शान्ति प्रक्रिया र संविधानभन्दा सत्ताकै लागि संघर्षत रह्यो । अहिले तीन बुँदे सहमति गर्दा गरेको प्रतिबद्धताबाट पछि हटेको छ । साथै संविधानको अन्तरवस्तुमा उसले अगाडि सारेका प्रावधानमा पुनर्विचार गरी लोकतान्त्रिक संविधान लेखनमा सहमत हुने कुनै ठोस तथा विश्वासिलो आधार र प्रतिबद्धता जनाएको छैन ।

राजनीतिक पार्टीहरू अन्तरिकरूपमा विभाजित छन् र विभाजनलाई अझ बढी फराकिलो गर्ने प्रयास भइरहेको छ । माओवादी एमालेभित्र गहिरो विभाजनको रेखा कोर्न सफल भएको छ भने अब आफ्नो नेतृत्वमा बहुमतीय सरकार गठन गर्ने लक्ष्य प्राप्त गर्न अरू पार्टी विभाजन गराउन प्रयासरत छ । तर हेक्का राख्नुपर्ने के हो भने यस्ता अराजनीतिक क्रियाकलाप र आजको अवस्थाा कुनै पनि पार्टीको विभाजन र टुटफुटले देश राजनीतिकरूपमा पराधीन हुनसक्ने खतरा बढ्छ । साथै देश राजनीतिक रूपमा झन कमजोर हुनेछा देशको राजनीतिमा पार्टीहरूको पकड गुम्ने खतरा उत्पन्न हुनेछा यही अवर्थाबाट देश अन्धकार युगमा प्रवेश गर्नछापार्टीहरूभित्रको अन्तरकलह र अरू पार्टीबीचको अविश्वासको खाडल नपुर्दै माधव नेपाल नेतृत्वको सरकारको राजीनामा दिलाइँदा लामो समयसम्म राजनीतिक शून्यताको अवर्थामा धकेलिनु निश्चितै थियो। तर यस अर्यासलाई एमाले नेतृत्व पंक्तिको एउटा समूह र माओवादीद्वारा जोड दिइयो । यसबाट एमालेभित्रको अन्तरकलह बढाउने र देशलाई राजीतिक शून्यताको अवस्थामा पुऱ्याए आफ्नो अभीष्ट पूरा गर्न चाहने शक्तिलाई केही समय सन्तुष्टि मिले पनि नेपाली माटोमा आफ्नो वर्चश्व कायम गर्न चाहने शक्तिबाहेक अरू कसैलाई लाभ हुने छैन । देश अहिले राजनीतिक शुन्यता र सरकारविहीन अवस्थामा छ । हस्तक्षेपकारी शक्ति बढी गतिशील छन् । यस अवस्थामा देशलाई जोगाउन यस निर्वाचनको गोलचक्करलाई सहमतिका आधारमा समाप्त गरी तथा सत्तामोह छोडी नयाँ विन्दुबाट राजनीतिक सहमतिको बाटो खोज्नुबाहेक अर्को विकल्प देखिँदैन । आज संविधानमात्र होइन लोकतन्त्र र देशको भविष्य नै खतरामा छ । सबैले समयमै चेत्नु हितकारी हुनेछ ।

● विचार
● चन्द्रदेव जोशी

## लज्जास्पद हठ

नयाँ सरकार गठनका लागि प्रधानमन्त्री माधवकुमार नेपालले 'बाटो खुल्ला' गरेको पनि एक महिना बितेको छ । तैपनि नयाँ सरकार गठनका गर्ने जिम्मेवारी पाएको संविधानसभा अहिलेसम्म अनिर्णयको बन्दी भएर बस्न बाध्य छ । एकले अर्कालाई दोषारोपण गर्ने नेपाली राजनैतिक परम्पराले अहिले पनि निरन्तरता पाइरहेको छ । परिणामत् नयाँ सरकारको नेतृत्व चयन गर्न राजनीतिक दलहरूलाई गाह्रो भइरहेको छ । अध्यक्ष झलनाथ खनालले दुईतिहाई मत नल्याएपछि प्रधानमन्त्रीय चुनावी दौडबाट जानीजानी हात धोएको नेकपा एमाले र अवसरको बेला एक ढिक्का बन्न जानेको मधेशबादी दलको आश्चर्यजनक 'तठस्थता'ले प्रधानमन्त्री चुन्ने काममा बाधा पुगेको स्पष्ट छ । तर, एमालेले नयाँ आइडिया सुझाएको छ, 'राष्ट्रिय सहमतिको सरकार' र मधेशबादी दलले संविधानका अन्तर्वस्तुको टुंगो अहिले नै लगाउने च्याँखे थापिरहेका छन् । यो च्याँखे दाउमा न नेपाली कांग्रेस आफुलाई झ्वाम्म फाल हान्न सक्छ, न त एकीकृत नेकपा माओवादी नै । उनीहरू दुवै प्रधानमन्त्री बन्ने ठूलो नदी तर्न त चाहान्छन्, तर पानीको छिटाले भने नछोओस् भन्नेमा पनि उनीहरू सजग छन् । यही अप्ठ्याराहरू बीच प्रधानमन्त्री निर्वाचन प्रकृया चौथों चरणमा लम्बिएको छ । हरेक राजनैतिक निर्णयमा 'मध्यमार्गी' बन्ने नाममा अनिर्णियको बन्दी बन्ने एमाले र हरेक राजनैतिक परिवर्तनको संघारमा आफ्नो मागको 'बिस्कुन' फिजाउने मधेशबादी दलहरूको हठले मुलुकलाई यता न उताको अवस्थामा पुऱ्याउन थप मलजल गरेको छ । त्यसो त एकीकृत नेकपा माओवादीले पनि नबिर्सनु पर्ने हो कि प्रधानमन्त्री माधवकुमार नेपालले राजनीतिमा दिएको पाँचदिन भित्र राष्ट्रिय सहमतिको सरकार बनाउनका लागि जनतासमक्ष गरेको प्रतिबद्धता । माधवकुमार नेपालको सरकार नै राष्ट्रिय सहमतिको बाधक भएको व्याख्या गर्ने एनेकपा माओवादी नेपालको राजीनामा भएको यति लामो समय पछि पनि किन राष्ट्रिय सहमति कायम गर्न असफल छ त ? सबैको जिज्ञाशा हो यो । उसले के बुझिरहेको छ भने आफ्नो प्रधान शत्रु भनेकै कांग्रेस हो । त्यसकारण उ कांग्रेससँग सहकार्य गर्न चाहादैन । कांग्रेसलाई समाप्त गरियो वा बाइपास गरियो भने मुलुकको संकटमोचन हुन्छ भन्ने गलत बुझाईमा छ । यसका साथै एमालेलाई उसले आफ्नो नजिकको शक्ति सम्झिए पनि उसलाई सकेसम्म 'फुटाउने' कसरतमा आफ्नो बल खर्चिरहेको छ । जुन उसको लागि प्रत्युत्पादक छ ।

यता कांग्रेसले भने एकीकृत नेकपा माओवादीलाई तुरुन्तै लोकतान्त्रिक पार्टीका रूपमा आफुलाई रूपान्तरण नगरेसम्म सहकार्य सम्भव नभएको दोहोऱ्याई रहेको छ भने मधेशबादी दलहरू भने 'मौकामा चौका' हान्ने दाउमा छन् । उनीहरूको यस्तोखाले निर्णयले आम मधेशबासीलाई कहिलेकाँही फाइदै पुग्छ तर कतिपय सन्दर्भमा मुलुकलाई नै अनिर्णयको बन्दी बनाउने काममा घीउ थप्ने काम गरेको छ । यतिका धेरै बाधा-अवरोधका बाबजुद पनि माओवादी अध्यक्ष प्रचण्ड र कांग्रेस उपसभापति रामचन्द्र पौडेलको प्रधानमन्त्री बन्ने चाहानामा कमी आएको छैन । उनीहरूको चाहाना भन्दा पनि मुलुकको आवश्यकताका आधारमा पनि प्रधानमन्त्री चयन गर्नु र हुनु अत्यावश्यक छ । यसका लागि कि त एमाले र मधेशबादी दलहरूले आफ्नो निर्णयमा पुनर्विचार गर्न आवश्यक छ । यदि त्यसो नभएर आफुलाई ठीक लागे उनीहरूले कांग्रेस र माओवादीका प्रधानमन्त्रीका प्रत्यासीहरूलाई उम्मेदवारी फिर्ता गर्न लगाउनु पर्छ । होइन भने निर्वाचन जस्तो गरिमामय प्रणालीको उपहास गर्ने गरी 'तटस्थ'को नाममा अराजनैतिक र लज्जास्पद हठ त्याग्नु पर्छ । अन्यथा 'विनाशकाले विपरित बुद्धि' बाहेक केही हुने छैन ।